कोल्हवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोल्हवी, बारा
प्रदेश नम्बर २, नेपाल

पत्र.सं : ०७६/०७७
चलानी न : ११२६

मिति : २०७७।०६।०९

श्री जो जस संग सम्बन्ध राख्दछ ।

विषय: संसोधन र थप सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिति २०७७।०६।०६ गते अन्नपूर्ण पोष्टमा निकासी कर सम्बन्धी प्रकाशित सूचनामा निम्न बुंदाहरुमा संसोधन र थप गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. बुंदा नं. १८ मा खाताको अगाडि "धरौटी" , भएलगतै सम्झौताको पछाडि "गरी चलान पूर्जी दिइनेछ" , ५० को पछाडि "प्रतिशत" र ठेक्काको किसिम महलमा गिटी,बालुवाको पछाडि "IEE बमोजिमको परिमाण" भन्ने शव्द थपिएको छ ।

२. बुंदा नं. २१ मा "विगत वर्षहरुमा ठेक्का लिइ रकम बुझाउन बांकी रहेका व्यक्ति वा फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेश्की बेरुजु बांकी हुनेले फछर्यौट नगरे सम्म यस बोलपत्रमा भाग लिन पाइने छैन" भन्ने बुंदा थप गरिएको छ ।

लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

"सफा र सुन्दर नगर निर्माण, हाम्रो अभियान" फोन नं. ०५३-४१०११४, ४१०११५
सन्देस सुचना वोर्ड नं. १६१४०५३४१०११५, इमेल kolhvinagar2071@gmail.com, वेवसाइट : www.kolhabimun.gov.np

# कोल्हवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोल्हवी, बारा
प्रदेश नम्बर २, नेपाल

## निकासी कर सम्वन्धी शिलवन्दी वोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।०६।०६**

यस कोल्हवी नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आ.व. २०७७।०७८ को लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रहि शिलवन्दी वोलपत्र खरिद गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना यस कार्यालयको वेवसाइट WWW.kolhabimun.gov.np मा पनि हेर्न सकिनेछ।

शर्तहरु :

१. बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सुचना प्रकाशित भएको मिति देखि ३० (तिस) दिन सम्म कार्यालय समय भित्र शिलवन्दी वोलपत्र फारम रु. ५०००।- नगदी दाखिला गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरीद भएको शिलवन्दी वोलपत्र फारम नेपाली नागरिक भए आफुले कवोल गरेको कुल ठेक्का अंकको ५ (पाँच) प्रतिशत, विदेशी नागरिक भए १० (दश) प्रतिशत धरौटि रकम नगदै श्री कृषि विकास वैक, कोल्हवी शाखामा रहेको यस कार्यालयको धरौटी खाता न ०५२६७०१३७४३८९०३६ मा दाखिला गरेको सक्कलै बैक भौचर वा कम्तीमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकको मान्यता प्राप्त बाणिज्य बैंकको जमानी पत्र(BID BOND) संलग्न गरी पहिलो पटक सुचना प्रकाशित भएको ३१ औ दिन दिनको १:०० वजे भित्र रित पूर्वक सहि छाप तथा शिलवन्दी गरी वोल पत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिनेछ। दर्ता हुन आएका वोलपत्र सोहि दिन दिनको ३:०० वजे सरकारी कार्यालय र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन विदा परेमा कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ।वोलपत्र दर्ताको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन। धरौटी वापतको रकम नगद संलग्न गरेकोलाइ मान्यता दिइने छैन।

३. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४(चौविस) घण्टा अगाडी फिर्ता वा संशोधन गर्न सकिनेछ।

४. ठेक्का अवधी नदीजन्य पदार्थ ढुंगा,गिटी,बालुवा र ग्राभेलको हकमा २०७८ जेष्ठ मसान्त सम्म र निजी तथा नम्बरी अवादीको हकमा २०७८ अषाढ मसान्त सम्म हुनेछ।

५. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत भएपछि सुचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र नियमानुसार आय कर/मू.अ. कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिइ सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ, सो अवधी भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटि रकम जफत गरिनेछ र दोस्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. नगर क्षेत्र भित्र विक्रि एवं घाटगद्दि तथा संकलनको लागि प्रति घनफिट रु. ४।- र नगर क्षेत्र भन्दा वाहिर निकासी वापत थप रु ३।- दर कायम गरिएको छ। सोमा नियमानुसार तोकिएको दरमा ठेकेदार पक्षले मूल्य अभिवृद्धि कर थप गरि लिनु पर्नेछ, उक्त मूल्य अभिवृद्धि कर ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा वुझाउनु पर्नेछ। सो वाहेक पनि नेपाल सरकार वा स्थानिय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर,दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयमले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ र ठेक्का रकमबाट कटाउन पाईने छैन।

८. बन्द, हडताल, चक्काजाम लगायत अन्य मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण छुट वा मिन्हा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिन्हा दिइने छैन, साथै कर छुट वा मिनहा माँग गर्न पाइने छैन।

९. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रतिवाला रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयमा रसिद नं. दाखिल्ला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

१०. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। बोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन, शर्त सहितको बोलपत्रलाई वदर मानिनेछ, साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. चलन पूर्जीमा उल्लेख भएका माल वस्तु र दर रेटको प्रतिकुल हुने गरी कर दस्तुर शुल्क लिन पाइने छैन, वढि लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा ४ गुणा जरिवाना गरी उजुरीकर्ता लाइ जरिवाना रकमको २५ प्रतिशत रकम दिइने छ। कुनै पनि सवारी साधन तोकिएको कर नतिरी झुक्याइ भागेमा सवारी साधनलाई तोकिएको करको ४ गुणा जरिवाना गरिनेछ, साथै ढुंगा, गिट्टी र ग्रेवलको हकमा नगर स्तरिय अनुगमन तथा समन्वय समितिको निर्णय अनुसार सिफारिस भएको जरिवाना रकम अशुल गरिनेछ।

१२. नेपाल सरकार, सम्मानित अदालत, नगरपालिकाको निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ, निति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दावी ठेकेदारले यस कार्यालयसँग गर्न पाउने छैन।

१३. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ, राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट राखि कर उठाउन पायने छैन। कर संकलन सम्वन्धि सुचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नु पर्नेछ।

१४. बालुवा, ढुंगा र गिट्टिका सन्दर्भमा प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति र कोल्हवी न.पा. बाट निर्देशन भए बमोजिम हुनेछ ।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका सार्वजानिक खरिद ऐन, २०६३, सार्वजानिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१६. बोलपत्र सम्वन्धि दर रेट अन्य शर्त तथा विस्तृत जानकारीका लागि कार्यालयको सुचना पाटीमा हेर्नु हुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नुहुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ । साथै कुन कुन माल वस्तुमा के कति दरमा कर, शुल्क लिन पाउने भन्ने वारेको विस्तृत विवरण वोलपत्र फारम साथ संलग्न गरिएको छ ।

१७. नगरपालिकालाई बुझाउन बक्यौता रहने फर्म/संस्थाले यस ठेक्कामा समावेश गरिने छै ।

१८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु.अ.कर (Vat) बाहेक ठेक्का अंकको रकम यस कायालयमा र कबोल अंकको १३ प्रतिशत ले हुने मु.अ.कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित ५० प्रतिशतले हुन आउने रकम बराबरको कार्यालयको धरौटी खातामा दाखिला भएलगतै सम्झौता गरी चलान पुर्जी दिइनेछ । बाकी ५० प्रतिशत हुन आउने रकम बराबरका २०७८ साल श्रावण मसान्त सम्म अवधि भएको र यस कर्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क. वर्गको बैंकको बैंक ग्यारेन्टी सम्झौता भएको मिति ७ दिन भित्र पेश गर्नु पर्ने छ र बाकी ५० प्रतिशत रकम २०७८ चैत्र मसान्त सम्म नियमानुसार बुझाई सक्नु पर्नेछ । तोकिएको समय भित्र बाकी ५० प्रतिशत रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेन्टी बाट किस्ता रकम असुल उपर गरी अर्को व्यवस्था गर्न सकिनेछ । समयमा दोश्रो किस्त नबुझाएमा १० प्रतिशत जरिवाना असुल गरिनेछ ।

तपसिल

| ठेक्का नं. | ठेक्काको किसिम | उठाउन पाउने परिमाण | न्युनतम ठेक्का अंक रु( मु.अ.क. वाहेक) | प्रति घन फिट दर | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | शिलवन्दि वोलपत्र फारम दाखिला गर्ने मिति र समय | शिलबन्दी वोलपत्र फारम खोल्ने मिति र समय | शिलवन्दी वोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| ९/२०७७/०७८ | कोल्हवी नगरपालिकाको वार्ड नं. २, उतरमा पूर्व पश्चिम राजमार्गको लाल बकैया पुल र दक्षिणमा रौतहट जिल्लाको सिमाना र यस नगरपालिका अन्तर्गतको लालबकैया नदीको पानी बहाव क्षेत्रभन्दा पश्चिमी किनारको उतरी GPS Co-ordinate 45R319059E/3006077N देखि पश्चिमी किनारको दक्षिण GPS Co-ordinate 45R321736E/3001981N बिचको ३ वटा प्लटबाट नदीजन्य पदार्थ ढुङ्गा, गिटी बालुवा IEE बमोजिमको परिमाण संकलन एवम् उत्खन्न् एवम विक्री वितरण गर्नु पर्नेछ । | ६२,७९,७५१.०८ (घन फिट) | ५,१६,००,०००।–(पाच करोड सोह्र लाख )मात्र | नगर क्षेत्र भित्र विकि एवं घाटगद्दि तथा संकलनको लागि प्रति घनफिट रु. ४।- र नगर क्षेत्र भन्दा वाहिर निकासी वापत थप रु ३।- दर कायम गरिएको छ । | ५०००।–(पाच हजार) | ३० औं दिन कार्यालय समय सम्म | ३१ औं दिन दिनको १ बजे सम्म | ३१ औं दिन दिनको ३ बजे देखि | कोल्हवी न.पा.को कार्यालय बारा |

१९. उपरोक्त न्युन्तम अंकमा मुल्य अभिवृद्धि कर भ्याट समावेश नभएको हुँदा विक्री शुल्क असुल गर्दा तोकिएको बमोजिमको मुल्य अभिवृद्धि कर समेत समावेश गरी फरक भ्याट रसिदबाट असुलउपर गरिनेछ ।

२०. माथिका बुंदाहरुमा संसोधन वा थप गर्नु परेमा यस कार्यालयको वेवसाइट WWW.kolhabimun.gov.np मा जानकारीको लागि राखिने छ ।

२१. विगत वर्षहरुमा ठेक्का लिइ रकम बुझाउन बांकी रहेका व्यक्ति वा फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेश्की बेरुजु बांकी हुनेले फछ्यौंट नगरे सम्म यस बोलपत्रमा भाग लिन पाइने छैन ।

लेखा अधिकृत

...रेन्द्र कुमार श्रे...
...प्रमुख प्रशासकीय अधि...